# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० साउन २६ गते

## सामाजिक सदभाव कायम गर

सिरहा जिल्लाको सारस्वर गाविसस्थित सारस्वरनाथ महादेव मन्दिरमा दुई पक्षबीच भएको झडप र त्यसबाट उत्पन्न परिस्थितिप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगको क्षेत्रीय कार्यालय (जनकपुर) का अधिकृतहरू सम्मिलत टोली साउन २५ गते नै घटनास्थलमा पुगेर अनुगमन तथा अनुसन्धान शुरु गरिसकेको छ । घटनाको विस्तृत अध्ययन गर्न केन्द्रीय कार्यालयका अधिकृतहरू सम्मिलित टोली पनि त्यसतर्फ प्रस्थान गरिसकेको छ ।

अनुगमन तथा अनुसन्धानको क्रमममा घटनास्थल अवलोकन गर्नुका प्रशासन, सुरक्षाकर्मी, पत्रकार, मानव अधिकार रक्षक, स्थानीय बासिन्दा, नागरिक समाजका प्रतिनिधिहरूलाई भेटी प्रारम्भिक जानकारी लिइसकिएको छ भने घटनाबारे विस्तृत जानकारी संकलन गर्ने क्रम कार्य जारी नै छ ।

घटनाको निष्पक्ष छानबिन गरी सत्य-तथ्यको आधारमा शान्ति-सुव्यवस्था बिथोल्न खोज्नेहरूमाथि कानुनी कारबाही अघि बढाउन आयोग सरकारसँग आग्रह गर्दछ ।

घटनास्थल र त्यस वरपर शान्ति-सुव्यवस्था कायम गर्न, साम्प्रदायिक सदभाव बिथोलिन नदिन, घाइतेको निःशुल्क उपचारको व्यवस्था मिलाउन र विस्थापितलाई पुनःस्थापना गर्न पनि आयोग सरकारसँग आग्रह गर्दछ ।

धार्मिक तथा जातीय सद्भाव कायम गर्न र सामाजिक सदभावलाई निरन्तरता दिन पनि सबै नेपाली समुदाय, नगारिक समाज, बुद्धिजीवी एवम् अन्तरधार्मिक संगठनहरूसँग  आयोग आग्रह गर्दछ ।

(वेदप्रसाद भट्टराई)
कामु सचिव